# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

जलस्रोत मन्त्रालयका सचिव श्री गौरीनाथ रिमाल नेपाल-भारत जलस्रोत विकास सम्बन्धी वार्तामा नेपाली टोलीको नेतृत्व गर्दै २०४८।६।१७ गते नयाँ दिल्ली-तर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री विष्णुगोपाल रिसाललाई मिति २०४८।६।१७ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री श्यामप्रसाद अधिकारी चिनको राजधानी बेजिंगमा हुने एरोपाको चौथो महासभा लगायत अधिवेशन र कार्यकारिणी परिषद्को अठ्तीसौं बैठकमा भागलिन जानु भएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री विश्वराज रेग्मीलाई मिति २०४८।६।२४ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

उद्योग मन्त्रालयका सचिव श्री नरसिंहनारायण सिंह डेनमार्कको राजधानी कोपेनहेगनमा हुने पर्यावरणीय दृष्टिले दीर्घकालीन औद्योगिक विकास सम्मेलनमा भागलिन मिति २०४८।६।२७ गते त्यसतर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जगदीश्वर उपाध्यायलाई मिति २०४८।६।२७ देखि कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६०२

## सूचना ४

अर्थ मन्त्रालयका सचिव श्री शशिनारायण शाह विश्व बैङ्कको बोर्ड अफ गभर्नरको वार्षिक बैठकमा भागलिन मिति २०४८।६।२४ गते थाइल्याण्डको राजधानी बैङ्ककतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री नारायणराज तिवारीलाई मिति २०४८।६।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

खण्ड ४० मिति २०४७।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्र. सं. ६ अनुसार २०४८ सालको तिहारको लागि कात्तिक १९, २१ र २२ गते बिदा दिने निर्णय गरेकोमा तिथि घटबढ हुन गई कात्तिक २० गते बिदा नहुने भएकोमा उक्त दिन एक पनि सार्वजनिक बिदा दिने श्री ५ को सरकारले निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
योगेन्द्रनाथ ओझा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४८।१।१६ को निर्णयानुसार हवाई विभागका राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) का निम्न प्राविधिक कर्मचारीहरूको सेवा, समूह, उप-समूह, मिति २०३५।६।१६ देखि नै लागू हुने गरी देहायबमोजिम परिवर्तन गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४